वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको भञ्ज्याङ
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दैं गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक ११० | २०८३ भदौ ०२ गते मंगलबार, नेपाल सम्वत् ११४६ August 18, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-

# व्यासको समता आवासीय विद्यालय : विपन्न बालबालिकाका लागि शिक्षासंगै सुरक्षित भविष्य

## बसाहस्थानमा कक्षा ६ देखि १० सम्म आवासीय विद्यार्थी भर्ना गरी कार्यक्रम विस्तार गर्ने निर्णय

भञ्ज्याङ समाचारदाता/दमौली

आर्थिक अभाव तथा अभिभावकीय संरक्षणको कमीका कारण शिक्षाबाट वञ्चित हुने जोखिममा रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने उद्देश्यले व्यास नगरपालिकाले सञ्चालन गरेको व्यास नगर समता आवासीय विद्यालय विपन्न तथा अभिभावकविहीन बालबालिकाका लागि शिक्षा, संरक्षण र सुरक्षित भविष्यको आधार बन्दै गएको छ।

नगरपालिकाले शिक्षा सबै बालबालिकाको अधिकार हो भन्ने मान्यताका साथ सञ्चालन गरेको यस विद्यालयमा हाल ५६ जना विद्यार्थी अध्ययनरत छन् । विद्यार्थीलाई शिक्षासँगै आवास, भोजन, पोसाक, कापी–कलम तथा आवश्यक शैक्षिक सामग्रीसमेत नगरपालिकाले उपलब्ध गराउँदै आएको छ ।

स्थानीय सरकारको सामाजिक उत्तरदायित्वलाई व्यवहारमा उतार्ने उद्देश्यले अघि बढाइएको यो कार्यक्रम नगर प्रमुख बैकुण्ठ न्यौपानेको नेतृत्वमा शिक्षामा समान अवसर सिर्जना गर्ने अभियानका रूपमा अघि बढेको हो । आर्थिक रूपमा कमजोर तथा अभिभावकीय संरक्षणको अभावमा रहेका बालबालिकालाई सुरक्षित वातावरणमा राखेर शिक्षा प्रदान गर्ने कार्यक्रमले स्थानीय तहले सामाजिक संरक्षणको क्षेत्रमा खेल्न सक्ने भूमिकालाई समेत उजागर गरेको छ ।

**बन्द विद्यालयलाई आवासीय विद्यालयमा रूपान्तरण**

विद्यार्थी अभावका कारण बन्द भएको साविक क्यामिन छापथोक प्राथमिक विद्यालयको संरचनालाई पुनः प्रयोगमा ल्याएर समता आवासीय विद्यालय सञ्चालन गरिएको हो । नगरपालिकाले करिब ४० लाख रूपैयाँ खर्चेर विद्यालय भवनको मर्मतसम्भार गरी २०७९ भदौ ५ गतेदेखि आवासीय विद्यालय सञ्चालनमा ल्याएको थियो ।

नयाँ संरचना निर्माणमा मात्र जोड नदिई प्रयोगविहीन बनेको विद्यालय भवनलाई पुनः उपयोग गर्दै सामाजिक उद्देश्य पूरा गर्ने नगरपालिकाको यो प्रयासलाई स्थानीय स्रोतको सिर्जनात्मक उपयोगका रूपमा हेरिएको छ । बन्द विद्यालयको संरचनालाई सहारा आवश्यक भएका बालबालिकाको शिक्षा र संरक्षणको केन्द्रमा परिणत गर्नु कार्यक्रमको महत्वपूर्ण पक्ष बनेको छ ।



विद्यालयमा हाल प्रधानाध्यापक अर्जुन सुनारको नेतृत्वमा शैक्षिक गतिविधि सञ्चालन भइरहेको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सतिस चन्द्र न्यौपानेसहितको व्यवस्थापन पक्षले विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गर्दै आएको छ ।

**शिक्षा मात्र होइन, आवास र संरक्षण पनि**

समता आवासीय विद्यालयको विशेषता विद्यार्थीलाई कक्षाकोठामा मात्र सीमित नराखी उनीहरूको समग्र संरक्षणमा ध्यान दिनु हो। नगरपालिकाले विद्यार्थीका लागि बसोबास, भोजन, पोसाक तथा शैक्षिक सामग्रीको व्यवस्था गर्दै आएको छ।

यसले आर्थिक अभावका कारण विद्यालय जान नसक्ने अवस्थामा रहेका बालबालिकालाई पढ्ने अवसर दिनुका साथै सुरक्षित वातावरणमा हुर्कने आधारसमेत प्रदान गरेको छ । बालबालिकाको शिक्षामा पारिवारिक तथा आर्थिक अवस्थाले निर्धारण गर्ने असमानता कम गर्ने उद्देश्य कार्यक्रमको मूल मर्म रहेको छ ।

कार्यक्रमलाई संस्थागत र

बाँकी अन्तिम पेजमा

# बन्दीपुर अस्पतालमा ३६५ दिननै सेवा

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

तनहुँको बन्दीपुर गाउँपालिकाको बन्दीपुर अस्पतालले ३६५ दिन नै सेवा प्रदान गरेको छ । बन्दीपुर गाउँपालिका मातहत रहेको अस्पतालले शनिबार र सार्वजनिक बिदाका दिनमा समेत सेवा प्रवाह गरेको छ ।

आर्थिक वर्ष २०८२/८३ मा अस्पतालले २३ हजार ९८० जनालाई सेवा प्रदान गरेको अस्पतालका प्रमुख डा अनिल गिरीले जानकारी दिए । उनका अनुसार नियमित बहिरङ्ग सेवातर्फ १२ हजार १७१ तथा अतिरिक्त बहिरङ्ग सेवातर्फ ११ हजार ८०९ जनाले सेवा लिएका छन् ।

नियमित बहिरङ्ग सेवातर्फ बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म टिकट काटेर सेवा प्रदान गरिएको हो भने अतिरिक्ततर्फ कार्यालय खुल्ने दिन बिहान ७ बजेदेखि बिहान १० बजेसम्म, दिउँसो २ बजेदेखि साँझ ८ बजेसम्म र सार्वजनिक बिदाको दिन बिहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म सेवा प्रदान गरिएको डा गिरीले जानकारी दिए ।

डा गिरीका अनुसार साउनमा दुई हजार ९९, भदौमा दुई हजार तीन सय १५, असोजमा दुई हजार १८५, कात्तिकमा एक हजार ९९६, मङ्सिरमा एक हजार ९७७, पुसमा एक हजार ८९१, माघमा एक हजार ९०५, फागुनमा एक हजार ८१८, चैतमा एक हजार ८८८, वैशाखमा एक हजार ८८०, जेठमा दुई हजार २१ र असारमा दुई हजार पाँच जनालाई सेवा प्रदान गरिएको थियो ।

अस्पतालले सेवाग्राहीको सहज पहुँचलाई ध्यानमा राख्दै तीन चरणमा सेवा सञ्चालन गर्दै आएको छ । डा गिरीका अनुसार बिहान ७ बजेदेखि १० बजेसम्म अतिरिक्त सेवा, बिहान १० बजदेखि दिउँसो २ बजेसम्म नियमित सेवा र दिउँसो २ बजेदेखि राति ८ बजेसम्म अतिरिक्त सेवा प्रदान गरिँदै आएको छ । सार्वजनिक बिदाका दिन पनि बिहान ७ बजेदेखि राति ८ बजेसम्म सेवा उपलब्ध गराइएको छ । यो सेवा विशेषगरी कर्मचारी, विद्यार्थी, दैनिक ज्यालादारी गर्ने मजदुर, व्यवसायी तथा गृहिणीलाई लक्षित गरी सञ्चालन गरिएको डा गिरीले बताए ।

# मरूवा रोगका कारण ३५ प्रतिशतले चैते धानको उत्पादन घट्यो

भञ्ज्याङ समाचारदाता/गोरखा

गोरखाको प्रमुख खाद्यबाली चैते धानको उत्पादन यस वर्ष ३५ प्रतिशतले घटेको छ । मरूवा रोगका कारण यो वर्ष उत्पादन घटेको जिल्लास्थित कृषि विकास कार्यालयका कृषि प्रसार अधिकृत विवेक पौडेलले बताउनुभयो ।

गत वर्ष बाली भित्र्याउने बेला पानी परेको उल्लेख गर्दै उहाँले यो वर्ष भने करिब एक हजार ५०० मेट्रिकटन उत्पादन भएको छ । "जिल्लाभर ७२५ हेक्टरमा चैते धानखेती भएकामा पाँच हजार रोपनीमा मरूवा रोग लागेर पूर्ण रूपमा क्षति भयो, त्यसैले यो वर्ष उत्पादन घटेको हो", उहाँले भन्नुभयो। मरूवा रोगले चैते धान उत्पादन भएको क्षेत्रमा समेत १५ प्रतिशत क्षति गरेको कृषि प्रसार अधिकृत पौडेलको भनाइ छ ।

चैते धानमा मरूवा रोगको



किसानले यसवर्ष सोही धान बीउका रूपमा प्रयोग गरेकाले धानमा मरूवा रोगको सङ्क्रमण बढेको जानकारी दिनुभयो । गुणस्तरीय धानको बीउ प्रयोग गर्दा मरूवा रोगको सङ्क्रमण कम हुने भन्दै उहाँले पानीमा भिजेको बीउ प्रयोग गरिएकाले समस्या देखिएको बताउनुभयो ।

कृषि प्रसार अधिकृत पौडेलका अनुसार आर्थिक वर्ष २०८१/८२ मा जिल्लाभर तीन हजार मेट्रिकटन चैते धान उत्पादन भएको थियो । संक्रमण देखिएपछि जिल्लाभर ९८ लाख बराबरको क्षति भएको जिल्लास्थित कृषि विकास कार्यालयका प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिनुभयो । कार्यालयले गत आव २०८२/८३ मा रू ६७ लाख खर्च गरी चैते धान प्रवर्द्धन कार्यक्रमसमेत सञ्चालन गरेको उहाँले जानकारी दिनुभयो ।

"जिल्लाभर ६७ हेक्टर क्षेत्रफलमा कार्यक्रम सञ्चालन

बाँकी तेश्रो पेजमा

# मल नीतिसम्बन्धी अध्ययन गर्न कार्यदल गठन

रासस/काठमाडौं

सरकारले मलसम्बन्धी देखिएका समस्याहरूको अल्पकालीन र दीर्घकालीन समाधानसहितको विकल्प सिफारिस गर्न कार्यदल गठन गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको नीति विश्लेषण तथा समन्वय शाखाले आज विभिन्न मन्त्रालय तथा निकायका प्रतिनिधि सम्मिलित 'मल नीतिसम्बन्धी अध्ययन कार्यदल' गठन गरेको प्रधानमन्त्री कार्यालयका प्रवक्ता सहसचिव हेमराज अर्यालले जानकारी दिनुभयो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव प्रद्युम्न उपाध्यायको संयोजकत्वमा गठित १२ सदस्यीय कार्यदलले कार्य प्रारम्भ गरेको ६० दिनभित्र प्रतिवेदन बुझाउने कार्यादेश पाएको छ । प्रवक्ता अर्यालका अनुसार कार्यदलले हालको सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार मल खरिदमा देखिएका प्रक्रियागत अवरोधको विश्लेषण गरी सरलीकरणका उपाय सिफारिस गर्नेछ । साथै अन्तर्राष्ट्रिय आपूर्ति शृत्लामा आउने उतारचढावलाई कम गर्न र ढुवानी व्यवस्थापनलाई थप चुस्त बनाउन अल्पकालीन तथा दीर्घकालीन रणनीतिको सुझाव पेस गर्नेछ ।

कार्यादेशअनुसार कार्यदलले स्वदेशमा प्राङ्गारिक मल उत्पादनको सम्भाव्यता र प्रयोगलाई बढावा दिन आवश्यक पर्ने नीतिगत सुधारका सुझाव पेस गर्नुका साथै रासायनिक तथा प्राङ्गारिक मलमा दिइने अनुदानबीच सन्तुलन कायम गर्ने सम्भावनाबारे पनि अध्ययन गर्नेछ । त्यसैगरी प्राङ्गारिक मलतर्फको अनुदान रकमको प्रभावकारी उपयोगका लागि विद्यमान कार्यविधि पुनरावलोकन गरी आवश्यक सुझाव दिनेछ ।

प्रवक्ता अर्यालका अनुसार कार्यदलले स्वदेशमै हरित रासायनिक मल कारखाना स्थापना वा उत्पादनको सम्भावना र त्यसका लागि आवश्यक पूर्वाधारको अवस्थाबारे अध्ययन गर्नुका साथै हाल उपलब्ध गराइँदै आएको अनुदानको वितरण प्रणाली र यसको प्रभावकारिताको पुनरावलोकन गरी सुधारका उपाय सुझाउने छ ।

त्यसैगरी मल आपूर्ति तथा व्यवस्थापनमा संलग्न विभिन्न निकायबीच समन्वय अभिवृद्धि गर्ने संयन्त्र प्रस्ताव गर्ने, यसअघि भएका अध्ययन प्रतिवेदनको अध्ययन र विश्लेषण गरी आवश्यक सुझाव दिने जिम्मेवारी कार्यदललाई दिइएको छ । कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव उपाध्याय संयोजक तथा कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठ, वरिष्ठ माटो वैज्ञानिक श्रीप्रसाद विष्ट, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव भीम भट्टराई, नेपाल विद्युत् प्राधिकरणका निर्देशक मुनिन्द्र ठाकुर, डिभिजन वन कार्यालय ललितपुरका वन अधिकृत संयोग बस्नेत सदस्य रहनुहुनेछ।

त्यसैगरी कार्यदलमा उद्योग विभागका प्रोसेस (केमिकल) इञ्जिनियर सुनिलकुमार यादव, कृषि वन तथा पर्यावरण मन्त्रालयका बाली विकास अधिकृत उज्वला साहु श्रेष्ठ, राष्ट्रिय किसान आयोग, कीर्तिपुरका पशुपंक्षी विकास अधिकृत डा सुन्दर बस्याल, प्रधानमन्त्रीका स्वकीय अनुसन्धान अधिकृत हेमनारायण दास चौधरी र अर्थमन्त्रालयका अर्थशास्त्री कृष्णप्रसाद शर्मा सदस्य हुनुहुन्छ।

साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गतको नीति विश्लेषण तथा समन्वय शाखाका प्रतिनिधि कार्यदलमा सदस्य सचिव रहनुहुनेछ । कार्यदलले आवश्यकताअनुसार विज्ञ आमन्त्रण गर्न सक्ने बताइएको छ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# चर्चा होइन, परिणामको खोजी

गण्डकी प्रदेशको तनहुँ प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक र साहसिक पर्यटनका दृष्टिले अत्यन्त सम्भावनायुक्त जिल्ला हो। हिमालको काखमा नपरे पनि महाभारत पर्वत शृत्लाका अग्ला डाँडाबाट हिमालका लामो लहर देख्न सकिन्छ। मौलिक कला–संस्कृति, ग्रामीण जीवनशैली, जैविक विविधता, नदी, झरना, गुफा, मन्दिर, कोट तथा साहित्यिक सम्पदाले तनहुँलाई पर्यटनका लागि विशिष्ट जिल्ला बनाएको छ। तर प्रश्न यो हो–यति धेरै सम्भावना हुँदाहुँदै तनहुँले पर्यटनबाट अपेक्षित लाभ लिन सकेको छ त? सम्भावना गन्ने र पर्यटकीय स्थलको सूची बनाउने काम धेरै भयो। अब ती सम्भावनालाई आर्थिक गतिविधि, रोजगारी र स्थानीय नागरिकको जीवनस्तर सुधारसँग जोड्ने समय आएको छ। तनहुँमा देवघाटधामदेखि छाब्दी बराही, ढोरबराही, छिम्केश्वरी, आँधिमूल, थानीमाई, बन्दीपुर, मानुङकोट, तनहुँसुर, मिर्लुङकोट, क्यामिनकोट, भुजिकोट, रिसिङ, घिरिङ, गलेखामकोटलगायत धार्मिक तथा ऐतिहासिक स्थल छन्। साहित्यिक पर्यटनका लागि आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदीरम्घा, घाँसीकुवा र व्यासगुफा महत्वपूर्ण सम्पदा हुन्। यी स्थललाई एउटै पर्यटन सञ्जालमा जोड्न सके तनहुँमा लामो समय बस्ने पर्यटकको वातावरण बनाउन सकिन्छ। विशेषगरी छिम्केश्वरी पछिल्लो समय आकर्षणको केन्द्र बन्दै गएको छ। महाभारत पर्वत शृत्लामा रहेको छिम्केश्वरीबाट मौसम खुलेका बेला हिमालको लामो शृत्ला देख्न सकिन्छ। वरपरका गुरूङ, मगर, नेवार, क्षेत्री, ब्राह्मण, चेपाङ, भुजेललगायत समुदायको जीवनशैली, स्थानीय परिकार र होमस्टेले यस क्षेत्रलाई प्राकृतिकसँगै सांस्कृतिक पर्यटनको गन्तव्य बनाउने आधार दिएको छ। सडक, पदमार्ग र अन्य पूर्वाधारमा भएको सुधारले यहाँ पुग्न पनि सहज हुँदै गएको छ।

त्यसैगरी बन्दीपुर तनहुँको स्थापित पर्यटकीय ब्रान्ड हो। पुरानो नेवारी बस्ती, मौलिक घर, टुँडिखेल, थानीमाई क्षेत्र, हिमाली दृश्य र वरपरका ग्रामीण बस्तीले बन्दीपुरलाई देश–विदेशका पर्यटकमाझ चिनाएको छ। निर्माणाधीन केवलकार सञ्चालनमा आएपछि बन्दीपुरको पर्यटन अझ विस्तार हुने अपेक्षा गर्न सकिन्छ। तर पर्यटकको संख्या बढ्नु मात्र पर्याप्त हुँदैन। पर्यटकले कति खर्च गर्छन्, स्थानीय उत्पादन कति बिक्री हुन्छ, कति रोजगारी सिर्जना हुन्छ र स्थानीय व्यवसायीले कति लाभ लिन्छन् भन्ने विषय महत्वपूर्ण हुन्छ । मानुङकोट पनि तनहुँको अर्को आकर्षण बनेको छ। सूर्योदय, कुहिरो, हिमशृत्ला र दमौली तथा आसपासका भू–दृश्य अवलोकनका लागि मानुङ पुग्ने पर्यटकको संख्या बढ्दो छ। यस्ता नयाँ गन्तव्यको विकासले पर्यटनलाई केही सीमित स्थानमा केन्द्रित हुन नदिई जिल्लाका विभिन्न ग्रामीण क्षेत्रमा फैलाउन मद्दत गर्छ। तनहुँको पर्यटन विकासमा अर्को महत्वपूर्ण पक्ष धार्मिक पर्यटन हो। देवघाटधाम, छाब्दी बराही, ढोरबराही, आँधिमूल, छिम्केश्वरीलगायत स्थलको आ˜ नै धार्मिक तथा सांस्कृतिक महत्व छ। यी स्थलसँग जोडिएका किंवदन्ती, पुराण र स्थानीय इतिहासलाई प्रमाणित तथ्यका आधारमा व्यवस्थित रूपमा प्रस्तुत गर्न सके धार्मिक पर्यटनसँगै अध्ययन तथा अनुसन्धान पर्यटनसमेत विकास गर्न सकिन्छ। अब आवश्यक कुरा प्रचार मात्र होइन, व्यवस्थित पर्यटन व्यवस्थापन हो। पर्यटकीय स्थलसम्म पुग्ने सडक, पदमार्ग, सार्वजनिक शौचालय, खानेपानी, फोहोर व्यवस्थापन, सूचना केन्द्र, डिजिटल सूचना प्रणाली, सुरक्षा, पार्किङ र आपत्कालीन सेवाजस्ता आधारभूत पूर्वाधारलाई प्राथमिकता दिनुपर्छ। पर्यटकलाई 'आउनुहोस्' भनेर बोलाएर आधारभूत सुविधा दिन नसक्नु पर्यटन विकासको कमजोरी हो। त्यसैगरी स्थानीय उत्पादनलाई पर्यटनसँग जोड्न आवश्यक छ। होमस्टेमा स्थानीय खाना, कृषि उत्पादन, हस्तकला, मौलिक कला र सांस्कृतिक प्रस्तुति जोड्न सके पर्यटकको बसाइ लम्ब्याउन सकिन्छ। कोदो, फापर, मकै, गुन्द्रुक, स्थानीय मासु, मह, कफी, निउरो, गिठा, भ्याकुरलगायत स्थानीय उत्पादनलाई पर्यटन बजारसँग जोड्ने नीति आवश्यक छ।

तनहुँलाई छुट्टाछुट्टै गन्तव्यको जिल्ला होइन, एकीकृत पर्यटन सर्किटको जिल्ला बनाउनुपर्छ। मुग्लिनबाट प्रवेश गर्ने पर्यटकले छिम्केश्वरी हुँदै आँधिमूल, बन्दीपुर, मानुङकोट, दमौली, व्यासगुफा, छाब्दी बराही हुँदै देवघाटसम्म पुग्ने प्याकेज बनाउन सकिन्छ। साहित्य, धर्म, प्रकृति, साहसिक गतिविधि र ग्रामीण जीवनशैलीलाई एउटै यात्रामा जोड्न सके पर्यटकको बसाइ र खर्च दुवै बढाउन सकिन्छ। पर्यटन विकासको जिम्मेवारी सरकारको मात्र होइन। स्थानीय समुदाय, निजी क्षेत्र, पर्यटन व्यवसायी, युवा, सञ्चारमाध्यम र नागरिक समाजको सहकार्य आवश्यक छ। पर्यटकीय सम्पदा संरक्षण नगरी पर्यटनको विकास सम्भव छैन। सडक र होटल बनाउँदा मौलिकता नष्ट हुने अवस्था आउन दिनु हुँदैन। तनहुँसँग पर्यटकलाई आकर्षित गर्ने सम्पदा प्रशस्त छन्। अब चुनौती ती सम्पदाको संख्या थप्नु होइन, भएका सम्पदालाई व्यवस्थित, सुरक्षित, प्रचारित र आर्थिक रूपमा उपयोगी बनाउनु हो। पर्यटनको चर्चा धेरै भइसकेको छ; अब परिणाम देखिने गरी काम गर्नुपर्छ। तनहुँको पर्यटन अब सम्भावनाको सूचीबाट व्यवहारिक अर्थतन्त्रको आधार बन्नुपर्छ। त्यसो गर्न सके पर्यटनले तनहुँको पहिचान मात्र होइन, ग्रामीण अर्थतन्त्र, रोजगारी र स्थानीय नागरिकको समृद्धिको बाटोसमेत फराकिलो बनाउन सक्छ।

# कृषि शिक्षाको सात दशक : कहाँ पुग्यौं, कहाँ चुक्यौं ?

स्थापनाकालदेखि नै कृषि विज्ञानलाई जीवन र ग्रामीण विकासका लागि प्रयोग गर्ने गरी मध्यम तथा उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको कृषि शिक्षाको हालको अवस्थाबारे गम्भीर विचार–विमर्श गर्नु जरूरी छ। जगदम्बा भवन, पुल्चोक, ललितपुरबाट २०३० सालमा चितवनको रामपुरमा केही कर्मचारी, करिब २०० जना विद्यार्थी र कार्यालयका सामान ट्रकमा लादेर ९ देखि १२ घण्टाको यात्रा तय गर्दै त्रिभुवन राजपथबाट हेटौंडा हुँदै भरतपुर र त्यसपछि कच्ची बाटोबाट, कतिपय अवस्थामा यातायातका लागि हात्तीको समेत प्रयोग गरी करिब १० किलोमिटर पश्चिम रामपुरसम्म पुगेर कृषि शिक्षा स्थानान्तरण भएको थियो। त्यसयता कृषि शिक्षाले झन्डै सात दशकको यात्रामा निकै आरोह–अवरोह पार गरेको छ।

अन्तर्राष्ट्रिय सहयोग र तत्कालीन श्री ५ को सरकारको सहयोगमा सबलीकरण भएको कृषि तथा पशु विज्ञान अध्ययन संस्थानले नै तयार गरेको हो । २०६७ सालमा नेपालको कृषि क्षेत्रलाई रूपान्तरण गर्ने उद्देश्यका साथ कृषि तथा वन विज्ञान विश्वविद्यालयको ऐन पारित भएपछि नेपालको कृषि शिक्षाले अग्रगामी छलाङ मार्दै अर्को तहमा प्रवेश गर्ने अपेक्षा गरिएको थियो। तर १५ वर्षसम्म पनि त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयको जग्गा सम्बन्धी विवादमै कृषि शिक्षाको गति अल्झिएको छ।

कृषि शिक्षाको नीतिगत पाटोलाई हेर्ने हो भने कृषि क्षेत्रको ऐतिहासिक आयाम बोकेको त्रिभुवन विश्वविद्यालय अन्तर्गतको रामपुर क्याम्पस आफ्नो ठाउँबाट विस्थापित हुनुपर्दा सबैभन्दा बढी मारमा परेको देखिन्छ। त्यस्तै, २०६७ सालमा स्थापना भई करिब ६ हजार विद्यार्थी दीक्षित भइसक्दा पनि आफ्नो नाममा जग्गा नभएको कृषि तथा वन विज्ञान विश्वविद्यालयलाई पनि निकास दिनुपर्छ।




२०७२ साल चैतमा गठित गीताभक्त जोशी नेतृत्वको समितिले दुवै विश्वविद्यालय बीचका समस्यालाई दुवै पक्षको लाभ हुने गरी समाधान गर्ने भने पनि १५ वर्षभन्दा बढी समयसम्म समस्याको समाधान हुन नसक्दा दुवै विश्वविद्यालयको स्रोत सम्बन्धी लामो नीतिगत विवाद र यसले कृषि शिक्षाको विकासमा पुऱ्याएको क्षतिबारे शिक्षा, विज्ञान प्रतिबद्धतामा पञ्चायत प्रशिक्षण केन्द्रका भवनहरूलाई परिष्कृत गर्दै आधुनिक छात्रावास, कक्षाकोठा, प्रयोगशाला भवन र अन्तर्राष्ट्रियस्तरका पुस्तक तथा अनुसन्धान ग्रन्थहरु समेटिएको भव्य केन्द्रीय पुस्तकालय स्थापना गरी कृषि शिक्षाको विकास भएको ऐतिहासिक आलोकको बोध नगरी कृषि शिक्षा र त्रिभुवन विश्वविद्यालयसँग लालपुर्जा रहेको तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयले भोगचलन गरेका रामपुर, चितवनका संरचनाहरु भित्रको मर्मलाई आत्मसात् गर्न सकिंदैन।

कृषि शिक्षामा रूपान्तरणका लागि तत्कालीन श्री ५ को सरकारले नेपालको कृषिमा उच्च शिक्षा स्थापनाका लागि अमेरिकी सहयोग नियोगसँग अनुरोध गरेको र कलेज अफ एग्रिकल्चर (युनिभर्सिटी अफ इलिनोइस) का प्राध्यापकहरूले कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको स्थापना गर्नका लागि वि.सं. २०२७ सालमा नै 'प्रि–फिजिबिलिटी स्टडी' गरेको पाइन्छ। नेपालमा कृषि शिक्षाको विकास र यसको ऐतिहासिक आयामलाई हेर्दा अमेरिकी सहायतामा २०३२ सालमा शुरू भई २०४१ सम्म चलेको मिड वेस्ट कन्सोर्टियम फर इन्टरनेसनल एक्टिभिटिज ( मुसिया) परियोजनाको भूमिका महत्त्वपूर्ण छ।

५.३ मिलियन डलरको नेपाल सरकार र अमेरिकी सहायता नियोग (युएसएआईडी) को उक्त परियोजनाले नेपालमा कृषि क्षेत्रको विकासका लागि चाहिने दक्ष जनशक्ति उत्पादन गर्न सहजीकरण गरेको थियो। नौ वर्षको अवधिमा १४ जना लामो समयका लागि र २९ जना छोटो समयका लागि खटिएका विज्ञहरूले कार्यक्रम तर्जुमा, पाठ्यक्रम विकास, विश्वविद्यालयको पुस्तकालय विकास तथा योजनाको निर्माणमा योगदान गरेका थिए। उनीहरूले यहाँका शिक्षक तथा कर्मचारीलाई प्रशिक्षित गर्ने काम समेत गरेका थिए। परियोजना अवधिभर ३८ जना प्राध्यापकले विदेशमा स्नातकोत्तर र विद्यावारिधिको उपाधि लिएको देखिन्छ। त्यसमध्ये धेरैजसोले संयुक्त राज्य अमेरिकाबाट र आठ जनाले फिलिपिन्सबाट उपाधि लिएका थिए।

यो ऐतिहासिक तथ्यले के देखाउँछ भने नेपालको कृषि क्षेत्रका लागि जनशक्ति उत्पादन गर्न शिक्षामा पर्याप्त लगानी भएको थियो। सरकारीस्तरमा आवश्यक पर्ने अधिकांश जनशक्ति २०२९ सालमा स्थापना भएको र त्रिभुवन विश्वविद्यालय अन्तर्गत 'मुसिया' परियोजनाको

बाँकी अन्तिम पेजमा

## भूमि प्रशासन कार्यालय तनहुँबाट जारी भएको हकदावि सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

तनहुँ जिल्ला साविक माझकोट ३ हालको भिमाद न.पा. ४ बस्ने धन बहादुर राना मिति २०७०/०२/०४ देखि बेपत्ता हुनुभएको र निजकी एकमात्र श्रीमती देवि कुमारी रानाको मिति २०८३/०२/२९ मा मृत्यु भएको तथा निजहरूको शेषपछिको जिवित हकदार छोरा म समित राना मात्र भएकोले मृतकहरूको नाममा रहेको तपशिल बमोजिमका जग्गा/घरजग्गा मेरो नाममा नामसारी गरिपाउँ भनि भिमाद न.पा. वडा नं. ४ बस्ने समित रानाले भूमि प्रशासन कार्यालय तनहुँमा निवेदन दिनुभएको हुँदा, माग बमोजिम नामसारी गरिदिन नहुने भए वा अन्य कोही हकवाला भए यो सूचना प्रकाशन भएको मिति ३५ दिनभित्र प्रमाण सहित यस कार्यालयमा हकदावि गर्न आउनु होला। अन्यथा नियमानुसार नामसारी भई जानेछ ।

**तपशिल**

| गा.पा/न.पा. | वडा नं. | कित्ता नं. | जग्गा धनीको नाम |
|---|---|---|---|
| भीमाद | १/ख | कि.नं. ४७३ | धन बहादुर राना |
| भीमाद | १/ख | कि.नं. २४७ | देवि कुमारी राना |

यसमा मेरा पिता धन बहादुर राना र आमा देवि कुमारी रानाको नाममा श्रेस्ता पुर्जा कायम रहेको उपरोक्त अनुसारको जग्गा पिता धन बहादुर राना मिति २०७०/०२/०४ देखि बेपत्ता भई तनहुँ जिल्ला अदालतबाट बेपत्ता/मृत्युको न्यायिक घोषणा भई आएको । हक खाने निजकी एकमात्र श्रीमति देवि कुमारी रानाको पनि मिति २०८३/०२/२९ मा मृत्यु भएको । निजका दम्पत्तिबाट १ छोरा र १ छोरी जन्म भएकोमा, छोरीको विवाहदान भैसकेको र र एकमात्र छोरा समित रानाले हकदार रहेको हुँदा, उक्त जग्गाहरू मेरो नाममा नामसारी गरी पाउँ भनि समित रानाले भूमि प्रशासन कार्यालय तनहुँमा निवेदन दिनुभएको हुँदा, जग्गा दर्तावाला धन बहादुर राना र देवि कुमारी रानाको मृत्यु भई हक खाने हकदार को को छन ? धन बहादुर राना बेपत्ता भएका हुन/होईनन ? उक्त जग्गा कस्ले भोग गरेका छन् ? निवेदक बाहेक अन्य कोही हकदार भए वा अन्य कसैको हकदावि पुग्ने भए म्यादभित्र प्रमाण सहित यस कार्यालयमा हकदावि गर्न आउनु होला अन्यथा नियमानुसार नामसारी भई जाने व्यहोरा जानकारी गराइएको छ ।

**ईति संवत २०८३ साल श्रावण २५ गते रोज २ शुभम् ।**

## तपाईको आज

**मेष**
शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दु:ख पाइनेछ। हडबडीले काम बिग्रनेछ ।

**वृष**
आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ । अवसरका लागि निकै दौडधुप गर्नुपर्नेछ ।

**मिथुन**
पहिलेको सफलताले हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ । आयआर्जनका स्रोत बढ्नेछन्।

**कर्कट**
चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ । शत्रुहरु किनारा लाग्नेछन् । आयआर्जनका स्रोत बढ्नेछन्।

**सिंह**
बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्नुहोला। सेवामूलक काममा प्रवृत्त भइनेछ ।

**कन्य**
ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ । आकर्षक उपहारले उत्साह जगाउनेछ ।

**तुला**
हतारको निर्णयले काम बिग्रनेछ। महत्वाकांक्षी योजनामा आफ्नैले बाधा पुर्याउलान् ।

**वृश्चिक**
प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले लक्ष्यमा पुर्याउनेछ । आतिथ्यपूर्ण सम्मान पनि प्राप्त हुनेछ ।

**धनु**
परिस्थितिअनुसार चल्न नसक्ता पछि परिनेछ । आर्थिक स्थितिमा सामान्य सुधार आउनेछ ।

**मकर**
कामको चाप पनि बढ्न सक्छ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला ।

**कुम्भ**
भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ । आयआर्जनका स्रोत बढ्नेछन् ।

**मीन**
स्रोत–साधन जुट्नाले उद्योग र व्यापारमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ । आयआर्जनका स्रोत बढ्नेछन्।

# मरूवा रोगका कारण ३५ ....

भएको थियो", प्रमुख तिवारीले भन्नुभयो, "कार्यक्रम सञ्चालन गरेको क्षेत्रफलमध्ये ३० हेक्टरको धानमा मरूवा रोगले ५० प्रतिशतभन्दा बढी क्षति गरेको छ। बाँकीको २७ हेक्टरबाट ९४ मेट्रिकटन उत्पादन भएको छ ।" उहाँका अनुसार मरूवा रोगका कारण चैते धान प्रवर्द्धन कार्यक्रमअन्तर्गत करिब १६० मेट्रिकटन धान उत्पादन भएको छ। यसका लागि कार्यालयले ८३० मिटर पक्की कुलो निर्माण गरेर सिँचाइ उपलब्ध गराएको थियो ।

साथै, किसानहरूलाई उन्नत बीउ, हाते ट्याक्टर, 'स्प्रेटंकी', सिँचाइ मोटर, बोरा, त्रिपाल, कुटानीपिसानी उपकरणलगायत सामग्री उपलब्ध गराइएको कृषि विकास कार्यालय गोरखाले जनाएको छ । जिल्लाका गोरखा नगरपालिका, पालुङटार नगरपालिका, सहिदलखन गाउँपालिका र सिरानचोक गाउँपालिका आसपासका क्षेत्रमा चैते धानखेती हुने गरेको छ । रासस

---

**गण्डकी प्रदेश सरकार**
**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**

## भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय

दमौली, तनहुँ

### आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/०१**

प्रस्तुत विषयमा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, तनहुँको चालु आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रमहरू संचालन गर्न यस जिल्लाका ईच्छुक पशुपालन सम्बन्धी कृषक समूह, संस्था, समिति तथा सहकारीहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरूको साथ भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, तनहुँमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्यक्रमको विवरण | आवेदक | परिमाण | बिनियोजित बजेट | संचालन गर्न सकिने क्रियाकलापहरु तथा सर्तहरु |
|---|---|---|---|---|---|
| १. | बृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रम (गाईभैंसी/बाखा/बंगुर) फलोअप | गत आ.व मा छनोट भएका लाभग्राहीहरु मात्र | १ वटा | ३ लाख मात्र | • खोर/गोठ/माछा पोखरी/रेसवे निर्माणर सुधार<br>• उच्च प्रजननमान भएका पशु खरिद तथा ढुवानी<br>• पशु आहारा उत्पादन तथा संरक्षण प्रवर्द्धन<br>• घाँसबाली स्रोत तथा नर्सरी स्थापना र व्यवस्थापन<br>• व्यवसायसँग सम्बन्धित आवश्यक उपकरण खरिद<br>• बजारीकरणको लागि आवश्यक पुर्वाधार र बजार प्रवर्द्धन सम्वन्धी कार्य<br>• जैविक सुरक्षाका उपायहरु अवलम्वन सम्बन्धी कार्य<br>• असल पशुपालन अभ्यास प्रवर्द्धन आदी। |
| २. | कालिगण्डकी कोरिडोर केन्द्रित पशुपन्छी तथा मत्स्य उत्पादन तथा प्रवर्द्धन कार्यक्रम फलोअप | | २ वटा | १० लाख मात्र (प्रति लाभग्राही बढीमा ५ लाख) | |
| ३ | उत्पादनमा आधारित प्रोत्साहन सहयोग (दूधमा) कार्यक्रम | दुग्ध उत्पादन संग सम्बन्धित सहकारी संस्था | २५ लाख ७० हजार लिटर | १ करोड २८ लाख ५० हजार | • दैनिक कम्तिमा २०० लिटर दूध संकलन गरेको<br>• वार्षिक कम्तिमा २०० दिन दूध संकलन गरेको।<br>• प्रोत्साहन बापत प्रति लिटर बढीमा ५ रुपैयाँ र प्रति सहकारी बढीमा १७ लाख ५० हजार मात्र उपलब्ध गराउन सकिने। |
| ४ | मिल्क ATM अनुदान सहयोग कार्यक्रम | दुग्ध उत्पादक /प्रशोधन संघ संस्थाहरु | १ वटा | ५ लाख (वढीमा ९०%) | • खाद्य गुणस्तर प्रमाण प्राप्त उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थका लागी मात्र।<br>• प्रशोधित तथा प्याकेजिङ्ग भएको हुनुपर्ने। |

**पेश गर्न पर्ने आवश्यक कागजातहरू :**

१. निवेदन र प्रस्ताव ।
२. आवेदकको संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र संस्था नवीकरण प्रमाणको प्रतिलिपिहरू ।
३. गत आ.व. २०८२/०८३ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरू ।
४. कृषक समूह/समिति/सहकारी संस्थाको हकमा संचालक समितिको बैठक निर्णयको प्रतिलिपि ।
५. सम्बन्धित स्थानीय तहको वडाको तथा पशु सेवा शाखाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम संचालन गर्न उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।
६. अघिल्ला दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र र लागत साझेदारीमा कार्यक्रम गर्ने प्रतिबद्धता पत्र ।
७. थप कागजात सम्बन्धित कार्यक्रम संचालन मापदण्ड तथा कार्यालयको माग अनुसारको हुनेछ ।

**नोटः** यस सूचना, निवेदन तथा परियोजना प्रस्तावको ढाँचा यस कार्यालय वा वेवसाईटः https://vhlsectanahun.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ । साथै उल्लेखित कार्यक्रमहरूको लक्ष्य, परिमाण तथा बजेट संसोधन भएमा सोही अनुसार हुनेछ ।
**विस्तृत जानकारीको लागि सम्पर्क नं.:** ९८५६०६५२०९ वा ०६५-५६४७९२ मा सम्पर्क गर्नहुन अनुरोध छ।

---

## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०५/०१ गते*
देवघाट गाउँपालिकाको कार्यालय तनहुँको च.नं. १५३ मिति २०८३/०५/०१ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा माध्यमिक तह तृतीय श्रेणीको **विज्ञान** विषय शिक्षक (शिक्षण सहयोग अनुदान) करारमा नियुक्त गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

१) **पद** : माध्यमिक तह (करार)
२) **विषय** : विज्ञान ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता**: सम्बन्धित विषयमा स्नातक वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : २०००/- (दुई हजार रूपैयाँ)
६) **तलब** : शिक्षण सहयोग अनुदान कार्यक्रम अनुसार ।
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
९) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक भएमा प्रयोगात्मक
१०) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०५/१५ गतेसम्म
११) **सम्पर्क मिति** : २०८३/०५/१५ गते विद्यालय समय भित्र ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक
**श्री कालिगंगा माध्यमिक विद्यालय**
देवघाट गा.पा-२, बैंदी, तनहुँ । सम्पर्क : ९८४६१९५३७७, ९८२२७८६६०३
Email- kaliganga32@gmail.com

---

## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०५/०१ गते*
देवघाट गाउँपालिकाको च.नं. १५२ मिति २०८३/०५/०१ गते प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा **प्राथमिक तह** तृतीय श्रेणीको एक जना करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह (माथिल्लो शैक्षिक योग्यतालाई प्राथमिकता दिइने)
४) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि, व्यक्तिगत विवरण र निवेदन । (परीक्षापश्चात छनौट भएको उम्मेदवारको निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक
९) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०५/१५ गतेसम्म ।
१०) **सम्पर्क मिति** : २०८३/०५/१५ गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**पुनश्च** : करार सूचिमा नाम भएका उम्मेदवारले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रमाणसहित उपस्थित भएमा योग्यता क्रमको आधारमा नियूक्तिको प्रक्रिया अगाडि बढाइने छ । करार सूचिका उम्मेदवार नआएमा खुल्ला उम्मेदवारबाट छनोट गरिनेछ ।

प्रधानाध्यापक
**श्री कालिगंगा माध्यमिक विद्यालय**
देवघाट गा.पा-२, बैंदी, तनहुँ । सम्पर्क : ९८४६१९५३७७, ९८२२७८६६०३
Email- kaliganga32@gmail.com

---

## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**भदौ ०७ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

---

**बन्दीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**

## बन्दीपुर अस्पताल

बन्दीपुर गाउँपालिका-४, तनहुँ । गण्डकी प्रदेश, नेपाल

### सेवाग्राहीहरूको सहजताका लागि ई.भी. माईक्रो गाडी भाडामा लिन प्रस्तावना माग सम्बन्धि सार्वजनिक सूचना

**(प्रथम पटक सूचना प्रकाशन : २०८३/०४/२२)**
**(दोश्रो पटक सूचना प्रकाशन : २०८३/०५/०२)**

प्रस्तुत सम्बन्धमा बन्दीपुर अस्पतालसम्म आउन र फर्किन सेवाग्राहीहरूको सहजताका लागि ज्येष्ठ नागरिक, गर्भवती, फरक क्षमता भएकाहरूका लागि निःशुल्क र अन्य सेवाग्राहीहरूका लागि ५०% छुट उपलब्ध गर्ने गरी दैनिक रूपमा कम्तिमा बिहान ७:०० बजे डुम्रेबाट बन्दीपुर अस्पताल आउने र बेलुकी ७:०० बजे बन्दीपुर अस्पतालबाट डुम्रेसम्म (सेवाग्राहीहरू भएमा पृथ्वीराजमार्गको बन्दीपुर गाउँपालिकाको दुवै तर्फको सिमानासम्म) जानुपर्ने गरी, दिनको समयमा अन्दाजी एक-एक घण्टामा चलीरहनुपर्ने शर्तानामाहरू लागु हुने गरी अस्पतालद्वारा मासिक रूपमा एकमुष्ठ भाडा सम्झौता रकम भुक्तानी गर्ने गरी सेवाग्राहीहरूका लागि यातायातको सहजताका लागि सार्बजनिक सूचना प्रकाशन गरी दररेट सहितका प्रस्तावनाहरू माग गर्ने बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन समितिको मिति २०८३/०४/२१ गतेको बैठक निर्णयानुसार मिति २०८३/०४/२२ गते प्रकाशित प्रथम पटकको सूचनामा आवश्यक संख्यामा प्रस्तावनाहरू प्राप्त नभएको हुँदा सम्बन्धित ईच्छुक सबैका लागि यो **दोश्रो पटकको सात दिने सार्बजनिक सूचना** प्रकाशन गरिएको छ ।

**नोटः** प्रथम पटकको सूचनामा पेश गर्नुभएका प्रस्तावनाहरू दोश्रो पटकको यस सूचनामा स्वतः मान्य हुनेछन् ।

**बिस्तृत जानकारी एवं प्रस्तावनाको ढांचाका लागि सम्पर्कः**
**प्रशासन शाखा प्रमुखः ९८५६०४२०६२, मे.सु.: ९८५६०६३३३१**

**बन्दीपुर अस्पताल**

# सार्कीको अकबरे खुर्सानी खेती

भञ्ज्याङ समाचारदाता/स्याङ्जा

मनबहादुर सार्कीले बाँझो जमिन भाडामा लिएर व्यावसायिक अकबरे खेती सुरू गर्नुभएको छ ।

उहाँले वार्षिक ४५ हजारमा १५ रोपनी जग्गा भाडामा लिनुभएको हो । यतिखेर सार्की परिवारको जीवन गुजाराको प्रमुख आधार अकबरे खुर्सानी बनेको छ । बाँदरले नखाने, बजार मूल्य राम्रो र खेती गर्न सरल हुने भएकाले उहाँले अकबरे खुर्सानीको व्यावसायिक खेती सुरू गर्नुभएको हो । "१५ रोपनी जग्गामा १५ हजार अकबरेका बोटहरु लगाएको छु," उहाँले भन्नुभयो, "अहिले त आम्दानी लिन थालिसकेको छु ।"

उहाँले हालसमम ८०० केजी खुर्सानी प्रतिकेजी २०० का दरले बिक्री गरिसक्नुभएको छ । उहाँले छोटो अवधिमा खुर्सानी बिक्रीबाट रू एक लाख ६० हजार आम्दानी बटुलिसक्नुभयो । "यहाँ उत्पादित खुर्सानी बिक्रीका लागि बजारको समस्या छैन," उहाँले भन्नुभयो, "स्थानीय र पोखराका बजारमा खुर्सानी बिक्री हुँदै आएको छ ।

चार वर्ष मलेसियामा काम गर्नुभएका उहाँले अन्ततः आˆ नै गाउँमा खुर्सानी खेती गरी सन्तोष जनक आम्दानी गर्नुभएको छ । बाँझो जमिनको सही सदुपयोग गर्न सकेको खण्डमा आम्दानी गर्न सकिन्छ भन्ने उदाहरणको सार्कीले दिनुभएको छ । रासस

# व्यासको समता आवासीय ........

व्यवस्थित बनाउन व्यास नगरपालिकाले 'व्यास नगर समता आवासीय विद्यालय सञ्चालन कार्यविधि, २०८०' समेत जारी गरेको छ। कार्यविधिले विद्यालय सञ्चालन, विद्यार्थी छनोट, व्यवस्थापन तथा नगरपालिकाको जिम्मेवारीलाई निश्चित प्रक्रियामा बाँध्ने आधार तयार गरेको छ ।

**कक्षा विस्तारको तयारी**

नगरपालिकाले समता आवासीय विद्यालयको कार्यक्रमलाई क्रमशः विस्तार गर्ने नीति अघि सारेको छ । व्यास–९ स्थित बसाहस्थान माध्यमिक विद्यालयमा कक्षा ६ देखि १० सम्म आवासीय विद्यार्थी भर्ना गरी कार्यक्रम विस्तार गर्ने निर्णयसमेत गरिएको छ ।

प्राथमिक तहबाट सुरू भएको कार्यक्रमलाई माथिल्लो कक्षासम्म विस्तार गर्न सकिएमा विद्यार्थीले आधारभूत शिक्षापछि पनि निरन्तर आवासीय सुविधा प्राप्त गर्दै अध्ययनलाई अघि बढाउन सक्नेछन्। यसका लागि विद्यालयको शैक्षिक गुणस्तर, दक्ष जनशक्ति, भौतिक सुविधा र दीर्घकालीन स्रोत व्यवस्थापनमा नगरपालिकाले थप ध्यान दिनुपर्ने देखिन्छ ।

**पूर्वाधारसँगै मानवीय विकासमा लगानी**

स्थानीय तहको विकासलाई प्रायः सडक, पुल, खानेपानी, भवनलगायतका भौतिक पूर्वाधार निर्माणसँग जोडेर हेर्ने गरिन्छ । तर बालबालिकाको शिक्षा, संरक्षण र भविष्य निर्माणमा गरिने लगानीको प्रभाव दीर्घकालीन हुने भएकाले समता विद्यालयलाई मानवीय विकासमा स्थानीय सरकारको लगानीका रूपमा लिन सकिन्छ ।

नगर प्रमुख बैकुण्ठ न्यौपानेको नेतृत्वमा अघि बढाइएको यस कार्यक्रमले स्थानीय सरकार विकास निर्माण गर्ने निकाय मात्र नभई संरक्षण आवश्यक भएका बालबालिकाको अभिभावकीय भूमिकासमेत निर्वाह गर्न सक्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ ।

विद्यालयमा अध्ययनरत बालबालिकाका लागि शिक्षा, आवास र आधारभूत आवश्यकताको जिम्मेवारी स्थानीय सरकारले लिनुले अभिभावकीय संरक्षणबाट वञ्चित बालबालिकालाई सामाजिक सुरक्षा प्रदान गर्ने स्थानीय तहको दायित्वलाई समेत व्यवहारमा जोडेको छ ।

**'समता'लाई परिणाममा उतार्ने चुनौती**

समता विद्यालयको मूल उद्देश्य आर्थिक तथा पारिवारिक अवस्थाका कारण अवसरबाट वञ्चित बालबालिकालाई समान शैक्षिक अवसर प्रदान गर्नु हो । त्यसैले यसको सफलता विद्यार्थी संख्या बढाउनमा मात्र नभई उनीहरूको शैक्षिक उपलब्धि, व्यक्तित्व विकास र भविष्य निर्माणमा मापन हुनुपर्ने देखिन्छ ।

अब विद्यालयसामु शैक्षिक गुणस्तर थप उकास्ने, दक्ष जनशक्ति व्यवस्थापन गर्ने, बालमैत्री वातावरणलाई अझ प्रभावकारी बनाउने र विद्यार्थीको उच्च शिक्षा तथा रोजगारीसम्मको बाटो सुनिश्चित गर्ने चुनौती छ ।

नगरपालिकाले कार्यक्रमलाई निरन्तरता दिँदै दीर्घकालीन योजना, पर्याप्त बजेट र प्रभावकारी अनुगमनको व्यवस्था गर्न सकेमा समता आवासीय विद्यालय व्यास नगरपालिकाको मात्र नभई अन्य स्थानीय तहका लागि समेत अनुकरणीय सामाजिक–शैक्षिक मोडल बन्न सक्नेछ ।

बन्द विद्यालयको संरचनालाई पुनर्जीवन दिएर विपन्न तथा अभिभावकविहीन बालबालिकाको भविष्य निर्माणमा लगाउनु समता विद्यालयको सकारात्मक पक्ष हो। भौतिक पूर्वाधार निर्माणसँगै नागरिकको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने लगानी नै स्थानीय विकासको दिगो आधार हो भन्ने सन्देश समता आवासीय विद्यालयले दिएको छ ।

facebook twitter



**Sanjeev**
x.com/sanpokh

कहिले र कसरी बन्ला मैले चाहेजस्तो राजनीतिक पार्टी!

कुरा सुरू गरौं देउवाबाट ।

विगत दुइ दिनयता देउवाले जेजस्ता टिप्पणी गरिरहेका छन् र उनका हितेषीले जस्ता गतिविधि गरिरहेका छन् त्यसले पनि यो कुरा प्रस्ट पार्छ कि देउवा आदर वा सहानुभूति राख्नुपर्ने नेता थिएनन् । सत्ता र शक्तिका लागि जस्तो विचार पनि बोकेर हिंड्ने र जोसँग पनि मिल्ने मानिस कहिलै आदरणीय हुन सक्दैन ।

जेनजी आन्दोलन र योसँग जोडिएको आम मानिसको असन्तुष्टि नेपाली कांग्रेस र विशेष गरी देउवाले सत्ता र शक्तिमा रहन गरेका अनैतिक निर्णयहरु र सम्झौताको पनि उपज थियो । म लगायत धेरै मानिसले सोचेका थिए कि गगन-विश्वप्रकाशले गरेको विद्रोहबाट यसको अन्त हुनेछ ।

विशेष महाधिवेशनपछि गगन र विश्वप्रकाशले 'शेरबहादुर दाइ हाम्रो आदरणीय नेता हो' भनेको सुन्दा मलाई सधैं दिगमिग लाग्थ्यो । मेरो विचारमा उनीहरूको नेतृत्वको मूल समस्या नै के रह्यो भने उनीहरूले आम मानिसको देउवा र कांग्रेसको समग्र नेतृत्व संरचनाप्रतिको असन्तुष्टि तथा घृणा लाई मनन गर्न सकेनन् ।

देउवालाई आदरणीय मान्ने प्रवृत्ति आज पनि गगन थापा नेतृत्वको नेपाली कांग्रेसको मूल समस्या हो । यो समस्याको निरूपण गर्न गगन र विश्वप्रकाशले उनका वरिपरीका अहिले इतर भनेर चिनिएका सबैलाई पार्टीबाट हटाउनुपर्ने थियो ।

देउवाको विषाक्तताबाट पार्टीलाई चोख्याउन सक्छन् भनेर नै धेरै मानिसले उनीहरूलाई विशेष महाधिवेशनका लागि धन्यवाद दिएका थिए। आम जननताले पनि उनीहरूमा यो साहस देख्न चाहेका थिए । यसमा गगन र विश्वप्रकाश नराम्रोसँग चुके !

गगन र विश्वप्रकाशले पार्टी फुटाउने र जुटाउन विगतमा भएका परम्परागत तरिकालाई नै अपनाए । जनताले के चाहेका छन् भन्ने कुरामा ध्यान नदिइ देउवाका वरिपरीका पत्रु नेताहरूबाट डराएर बसिरहे। सम्भवतः चुनाव जित्ने मानिसहरूलाई रूष्ट बनाउनु हुन्न भन्ने परम्परागत सोच उनीहरूमा हावी भयो ।

यो जालबाट विशेष महाधिवेशनपछि बनेको कांग्रेसको नेतृत्व बाहिर निस्किने लक्षण देखिएको छैन ।

यसकारण गगन नेतृत्वको कांग्रेसप्रति पनि म निरास भैसकेको छु । नेपालको संविधानलाई सम्मान गर्ने तथा लोकतन्त्र, समावेशिता र उदारवादप्रति प्रतिवद्ध बलियो राजनीतिक पार्टीको अभाव महसूस हुनथालेको छ ।

# कृषि शिक्षाको सात ........

तथा प्रविधि मन्त्रालय संवेदनशील हुनुपर्छ।

२०८३ साल साउनको अन्तिम साता शिक्षामन्त्री सस्मित पोखरेल र चितवन क्षेत्र–१ का निर्वाचित प्रतिनिधिसभा सदस्य हरि ढकाल सहितको टोलीले रामपुर क्याम्पस, प्रस्तावित जग्गा तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयको समेत अनुगमन गरी समस्याको वस्तुगत विश्लेषण गरिसकेको छ । सर्वोच्च अदालतले २०७९ साल मङ्सिर १८ गते गरेको फैसला तथा नेपाल सरकारको २०७४ वैशाख ७ को निर्णय बमोजिम 'त्रिभुवन विश्वविद्यालयलाई चितवन जिल्लाको शक्तिखोर, जुटपानी र चैनपुरमा जग्गा र भौतिक संरचना निर्माण गर्न लाग्ने रू.१५ करोड उक्त आदेश प्राप्त भएको ६० दिनभित्र दिनू' भनी फैसला भएकोमा नेपाल सरकारले उक्त निर्णय कार्यान्वयन नगरेकाले त्रिभुवन विश्वविद्यालयले रामपुर (चितवन) को जग्गा र हेटौंडाको वन विज्ञान क्याम्पसको जग्गा हस्तान्तरण गरेको छैन।

दुईतिहाइ निकटको शक्तिशाली सरकारले उक्त विवादित मुद्दाका दुवै पक्षका सरोकारवालासँग समन्वय गरी नेपालको कृषि शिक्षाको सबलीकरणलाई केन्द्रमा राखेर सर्वोच्च अदालतको फैसलाको मर्मलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको समन्वयमा न्यायोचित हिसाबले यस विषयको निरूपण यथाशक्य चाँडो गर्नु आवश्यक छ । हाल हामी कृषि शिक्षाको नयाँ सत्रका लागि विद्यार्थी भर्ना गर्ने प्रक्रियामा छौं। त्रिभुवन विश्वविद्यालयले आङ्गिक क्याम्पसमा ३०० जना र सम्बन्धन प्राप्त क्याम्पसमा २५८ गरी जम्मा ५५८ जना, कृषि तथा वन विज्ञान विश्वविद्यालयको कृषि संकाय, रामपुरमा १६७ र अन्य आङ्गिक क्याम्पसमा गरी जम्मा ५८९ जना तथा सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान संकाय अन्तर्गत ११० जना विद्यार्थीका लागि आवेदन माग भइरहेको छ।

त्यसबाहेक पूर्वाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय र मधेश कृषि विश्वविद्यालयले समेत कृषि स्नातक अध्यापन गराइरहेका छन्। सम्पूर्ण विश्वविद्यालयलाई हेर्ने हो भने करिब २२०० विद्यार्थीका लागि कोटा रहेको पाइन्छ भने सबैजसो कार्यक्रमको समानता पाइन्छ। देशको भौगोलिक अवस्था र आवश्यकता अनुसार कुनै पनि विश्वविद्यालय विशिष्टीकृत हुनसकेका छैनन्। गत वर्षलाई हेर्ने हो भने कृषि स्नातक विद्यार्थीको सत्त्यामा मात्रै पनि कृषि अध्यापन गराउने दुई प्रमुख विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालय दुवैमा ४० प्रतिशतले कमी आएको देखिन्छ। विश्वविद्यालयको विकासमा विद्यार्थी भर्ना हुने संख्या र ती विद्यार्थी दीक्षित हुने अनुपातले महत्त्व राख्छ नै।

त्यसबाहेक हामीले उत्पादन गरेका विद्यार्थीले कस्तो र कहाँ सेवा प्रदान गर्छन् भन्ने कुराले विश्वविद्यालयले दिने राष्ट्रिय विकासको योगदानमा महत्त्व राख्छ। विगत ७० वर्षको कृषि शिक्षाको इतिहासलाई हेर्ने हो भने हामीले विशेषतः सरकारी जागिरका लागि जनशक्ति तयार गरेका छौं भने धेरैजसो कृषि स्नातक दीक्षित विद्यार्थी विदेशिने गरेका छन्।

कृषि शिक्षालयहरु आर्थिक रूपमा सरकारसँग मात्रै निर्भर हुनुहुँदैन। आफ्नै स्रोत र साधन तथा अन्य विश्वविद्यालय र विभिन्न निकायसँगको समन्वयमा व्यावसायिक खेती र अन्य स्रोतबाट आम्दानीको ढोका फराकिलो पार्नैपर्छ। त्यसका लागि कृषि क्षेत्र उद्यमसँग जोडिनुपर्ने हुन्छ।

देशमा कृषि सम्बन्धी उद्योगको उचित विकास हुन नसकेको अवस्थामा नेपालको कृषि क्षेत्रलाई समयानुकूल परिवर्तन गर्दै कृषि क्षेत्रका दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ नेपाल सरकार, शिक्षा मन्त्रालय र त्रिभुवन विश्वविद्यालय समेतको अपनत्वमा नेपालकै पुरानो ऐतिहासिक क्याम्पस रामपुर क्याम्पसमा नेपालमै पहिलो पटक कृषि स्नातक तहमा 'कृषि व्यवसाय व्यवस्थापन तथा उद्यमशीलता' सम्बन्धी नयाँ कार्यक्रममा भर्ना खुलेको छ। यसले कृषि क्षेत्रमा उत्पादित जनशक्तिलाई कृषि व्यवसायी बनाउन यो कार्यक्रम कोसेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ।

नेपालको पहिलो प्राविधिक विश्वविद्यालय र कृषि तथा वन विज्ञानको अध्ययन, अध्यापन, अनुसन्धान र प्रसारका सबै आयामलाई समेट्ने लक्ष्य राखेको कृषि तथा वन विज्ञान विश्वविद्यालयले आवश्यक गति लिन सकेको देखिंदैन। अनुसन्धानका लागि कृषि तथा वन विज्ञान विश्वविद्यालय स्थापनापछि सबलीकृत भएका केही संरचनामध्ये जैविक प्रविधि विज्ञानको प्रयोगशालामा रहेका करोडौंका उपकरण विद्युत्को सहज आपूर्तिको अभावमा सञ्चालन हुन नसकेको उक्त विभागका प्राध्यापकहरूको भनाइ छ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय भनिए पनि उक्त विश्वविद्यालयमा वन विज्ञान विषय ओझेलमा परे जस्तो देखिन्छ। हेटौंडामा एउटै प्राङ्गणमा रहेका त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालय बीच दाजुभाइको अंशबन्डा जस्तो किचलोका समाचार पत्रपत्रिकामा देखिएकै छन्।

विश्वविद्यालयको विकास केवल कागजी होइन, यसको सही अर्थमा विकासका लागि कृषि, पशु विज्ञान र वन विज्ञानका अध्ययन, अनुसन्धान र प्रसारका क्षेत्रलाई एकीकृत गर्नु महत्त्वपूर्ण देखिन्छ। २०६७ सालसम्म त्रिभुवन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयमा सीमित रहेको कृषि शिक्षा त्यसपछि द्रुत गतिमा बढ्दै गएर आठ वटा विश्वविद्यालय र ३६ भन्दा बढी क्याम्पसमा सञ्चालन भएको पाइन्छ। देशको आवश्यकता र कृषि शिक्षाको नियमन गर्नका लागि कुनै पनि संयन्त्र नभएकाले त्यसको नियमनका लागि कृषि परिषद्को स्थापना गरी प्राज्ञिक परीक्षण जरूरी देखिन्छ।

भत्ताडी जस्तो देखिने विश्वविद्यालयको प्राङ्गण, खस्किंदै गएको विद्यार्थी संख्या, विवादमा रहेका विश्वविद्यालयका जमिन र पुराना संरचना तथा राजनीतिक धडधडीबाट बाहिर आउन नसकेका प्राध्यापक–कर्मचारीको मनोबलबाट माथि उठेर कृषि शिक्षाका समस्याको दीर्घकालीन समाधानका लागि विश्वविद्यालयहरूको सुधार गर्न सरकारको पहलकदमी रहोस्। भर्खरै नियुक्त भएका उपकुलपतिहरु र खासगरी त्रिभुवन विश्वविद्यालय तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपतिलाई सफलता मिलोस् भन्ने हाम्रो पनि शुभेच्छा छ। अनलाइनखबरबाट

**सूचनाको हकः नागरिकको मौलिक अधिकार**

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान–प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

**bhanjyangnews.com**
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४